का.जि.प्र.का.द.नं. १००/०५९/६०

१ मंसिर २०७९,
बिहीबार
17 November 2022,
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २७१ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



# सकिँदै सुनाउने समय

## प्रचारको आज अन्तिम दिन

**गएको १७ कात्तिकदेखि शुरु भएको प्रचारप्रसारको समय आज मध्यरातबाट सकिदैछ । यो अवधिमा उम्मेद्वारहरुले मतदाता रिझाउनेगरी पाँच वर्ष अवधिमा गर्ने कामबारे प्रचार गरे । तर अब भने मतदाताले सोच्ने समय शुरु हुँदैछ ।**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३० कात्तिक ।

अन्ततः अर्को पाँच वर्षका लागि जनप्रतिनिधि चयनको अन्तिम समय आएको छ । गएको २३ असोजमा उम्मेदवारी दिएका उम्मेद्वारहरुले आज मध्यरातसम्म मात्रै प्रचारप्रसार गर्न पाउनेछन् ।

निर्वाचन आयोग र सरकारले मतदानको अन्तिम तयारी अगाडि बढाएको छ । ४ मंसिरमा हुने मतदानका लागि गृह प्रशासनले २० वटा सुरक्षा रणनीतिका कार्य योजना तयार पारेको छ । त्यस अन्तर्गत नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र म्यादी प्रहरी सहितको सुरक्षा योजना कार्यान्वयन हुनेछ । आयुक्त ईश्वरीप्रसाद पौडेलका अनुसार, अवस्थालाई ध्यान दिएर सामान्य, संवेदनशील र अति संवेदनशील मतदान केन्द्र निर्धारण भएको छ ।

आयोग र सरकारी क्षेत्रजस्तै आयोगले पनि मौन अवधिको थालनि गर्दैछ । यो अवधिमा आयोगले उम्मेद्वारहरुले निर्वाचन आचारसंहिता पालना गरे/नगरेको तर्फ ध्यान दिनेछ । आयोगले मौन अवधि शुरु भएपछि सामाजिक सञ्जाल, अनलाइन, छापा लगायत कुनैपनि माध्यमबाट उम्मेद्वारसँग सम्बन्धित सूचना प्रचार गर्न पाइनेछैन ।

उम्मेद्वारहरुले प्रचारप्रसारको अवधिमा तयार पारेका प्रचार सामग्री मतदान केन्द्र वरपरबाट हटाउनुपर्नेछ । आयोगले मतदान केन्द्र नजिक राखिएका प्रचार सामग्री हटाउन निर्देशन दिएको छ । उम्मेद्वारहरुले त्यो निर्देशन पालना गर्नुपर्नेछ ।

अर्थात् उम्मेद्वारहरुको प्रचार कार्य सकिएको छ । यसपटक प्रतिनिधिसभामा प्रत्यक्षतर्फ दुई हजार ४१२ र प्रदेशसभातर्फ तीन हजार २२४ जना उम्मेदवारले उम्मेद्वारी दिएका छन् । यसमध्ये ठूला दलहरुले भने गठबन्धन गरेर उम्मेद्वारी दिएका छन् । नेपाली कांग्रेस नेतृत्वको सत्ता गठबन्धनमा नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाको गठबन्धन छ ।

नेकपा एमाले नेतृत्वको गठबन्धनमा जनता समाजवादी पार्टी (जसपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), राप्रपा नेपाल, नेपाल परिवार दल लगायतको गठबन्धन छ । यी दुवै गठबन्धनमा आवद्ध दलहरुले छुट्टा-छुट्टै दलगत घोषणापत्र ल्याएका छन् । कतिपय उम्मेद्वारले भने व्यक्तिगत घोषणापत्र समेत ल्याएको छ । नयाँ र स्वतन्त्र उम्मेद्वारहरुले पनि आफ्नो तर्फबाट ल्याएको घोषणापत्रको प्रचार

– बाँकी पृष्ठ २ मा

## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा आहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## नागरिकता विधेयकमा राष्ट्रपतिको जवाफ

# संविधान संशोधनमा जोड

नागरिकता विधेयक प्रमाणीकरण नगरेको विषयमा परेको रिटमाथि सर्वोच्च अदालतले सुनुवाइ गर्नु राष्ट्रपति संस्थाकै अपमान भएको आरोप राष्ट्रपति विद्यादेवी भण्डारीको छ ।




नेपाल र नेपाली जनतालाई केन्द्रविन्दुमा राखेर नागरिकता कानुन बनाउन वाधा पुग्ने भए संविधान संशोधन गरेर भए पनि नागरिकता समस्या समाधान हुनेगरी राष्ट्रिय हित अनुकूल कानुन बनाउनु पर्ने दायित्व राज्यको हुन आउँछ ।

■ राष्ट्रपति कार्यालय

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ३० कात्तिक ।

राष्ट्रपति कार्यालयले नागरिकता विधेयक प्रमाणीकरण नगरेको विषयमा सर्वोच्च अदालतमा लिखित जवाफ पेश गरेको छ । जवाफमा राष्ट्रपतिबाट सन्देशसहित फिर्ता गरिएको विधेयक पुनः प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पेश हुँदा विधि र प्रक्रिया मिचिएकाले प्रमाणीकरण नगरिएको जिकिर गरिएको छ । राष्ट्रपति कार्यालयले संघीय संसदबाट प्रमाणीकरणका लागि पेश भएको नागरिकता विधेयक मुलुकको हितमा नभएको र संघीय संसदबाट पारित गर्ने क्रममा संविधान र कानूनको उल्लंघन भएकाले त्यसलाई यथास्थितिमा राखिएको दावी गरेको हो ।

संघीय संसदले पारित गरेर पठाएको नागरिकता विधेयक राष्ट्रपतिले प्रमाणीकरण नगरेको भन्दै अधिवक्ता सुनीलरञ्जन सिंहले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । उक्त रिटमा सुनुवाइ गर्दै सर्वोच्चले राष्ट्रपति कार्यालयसँग लिखित जवाफ माग गरेको थियो । जवाफ पठाउँदै राष्ट्रपति कार्यालयले एकपटक विधेयक प्रमाणिकरण नगरिएका कारण कानून बनाउने संघीय संसदको अधिकार कटौती नभएको तर्क अघि सार्दै फेरि अर्को विधेयक अघि बढाउनु उचित हुने राय दिएको छ ।

संघीय संसदबाट नागरिकतासम्बन्धी कानुनको निर्माण र कार्यान्वयन गर्ने बाटो व्यवस्थापिका सामु सदैव खुला नै रहेको' भन्दै राष्ट्रपति कार्यालयले त्यही बाटो अपनाउन सुझाव दिएको हो ।

साथसाथै, नयाँ कानून नबनाई किन पुरानो विधेयक संशोधन मात्रै गरिएको भन्ने प्रश्न उठाउँदै मुलुकको हितका लागि संविधान संशोधन हुनुपर्ने तर्क गरिएको छ । संविधानकै कारण नागरिकता कानून बनाउन बाधा भए संविधान संशोधन हुनुपर्ने धारणा लिखित जवाफमा औंल्याइएको छ । जवाफमा भनिएको छ, 'नेपाल र नेपाली जनतालाई केन्द्रविन्दुमा राखेर नागरिकता कानुन बनाउन वाधा पुग्ने भए संविधान संशोधन गरेर भए पनि नागरिकता

– बाँकी पृष्ठ २ मा

# अर्थतन्त्रमा सुधारको संकेत

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ३० कात्तिक ।

कोरोनाको प्रभाव र विदेशी सामानको अधिकतम प्रयोगका कारण खस्किएको नेपाली अर्थतन्त्रमा सुधारको संकेत देखापर्न थालेको छ । विदेशी पर्यटक नेपालमा आउने क्रम बढ्दा र विलासिताका सामानको आयातमा सरकारले रोक लगाएपछि अर्थतन्त्र सुधारको संकेत देखापरेको हो । तथ्यांक अनुसार पनि भदौ महिनाको तुलनामा असोजमा विदेशी मुद्रा सञ्चिति ५७ अर्ब रुपैयाँले बढेको छ ।

तर, वरिष्ठ अर्थविद् डा. चन्द्रमणि अधिकारी भने अझै पनि नेपाली अर्थतन्त्र जटिल अवस्थामै रहेको बताउँछन् । 'नेपालको अर्थतन्त्र अझैपनि खतरामै छ, यसको सुधारका लागि विलासिताका वस्तुको आयातमा रोक लगाउनु जरुरी छ भने, पर्यटकलाई आकर्षण गर्ने नीति अपनाउनु जरुरी छ, तसर्थ, एक महिनाको तथ्यांकले मात्रै उत्साहित हुने अवस्था छैन,' उनले भने । उनले आयातमुखी भन्दापनि उत्पादनमुखी अर्थतन्त्रमा जोड दिन नसक्ने हो भने नेपाली मुद्रा थप कमजोर भएर जानसक्ने चर्चा समेत गरेका छन् ।

आर्थिक वर्ष २०७९/८० को तीन महिनाको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति ९.६ महिनाको वस्तु आयात र ८.३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको राष्ट्र बैंकको दाबी छ ।

'कोरोनाको समयमा भन्दा नेपाली अर्थतन्त्रमा पछिल्ला दिनमा सुधारको संकेत देखिएकै हो, तर अहिल्यै उत्साहित भईसक्ने अवस्था भने छैन, सरकारले सावधानी नअनाए अझैपनि खतरा बढ्न सक्छ,' अर्थविद् डा. स्वर्णिम वाग्लेले भने । उनले विदेशी पर्यटकको आगमनमा वृद्धि र स्वदेशी उत्पादनले बजारको माग धान्ने अवस्था नभएसम्म अर्थतन्त्रमा सुधार हुननसक्ने बताएका छन् । यद्यपि, पछिल्ला दिनहरुमा नेपालमा आउने पर्यटकको संख्यामा सुधार आएको तथ्यांकले देखाउँदै आएको छ ।

२०७७ असार मसान्तसम्ममा पनि नेपालको खुद वैदेशिक सम्पत्ति २ खर्ब ४८ अर्ब ६७ करोड रुपैयाँ थियो । तर सो रकम २०७८ असार मसान्तमा आइपुग्दा १ खर्ब ६२ अर्ब ५९ करोड रुपैयाँले घटेर ८६ अर्ब ८ करोड रुपैयाँमा आइपुगेको थियो । जसले गर्दा नेपाली अर्थतन्त्र थप खस्किएपनि पछिल्ला दिनहरुमा भने यसमा सुधारको संकेत देखापरेको छ । तर, विज्ञहरु भने नेपालको अर्थतन्त्र अझैपनि चापमा रहेकाले खुसी भइहाल्न नसकिने अवस्था रहेको बताउँछन् ।



> नेपालको अर्थतन्त्र थप सुधारका लागि विलासिताका वस्तुको आयातमा रोक लगाउनु जरुरी छ भने, पर्यटकलाई आकर्षण गर्ने नीति अपनाउनु जरुरी छ ।
>
> **डा. चन्द्रमणि अधिकारी**
> **वरिष्ठ अर्थविद्**

वैदेशिक रोजगार विशेष

## वैदेशिक रोजगारसँग सम्बन्धित सम्पूर्ण सेवा अनलाइनबाट

# विचौलियाको पछि नलाग्न श्रम मन्त्रालयको आग्रह

**काठमाडौं/रासस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारसँग सम्बन्धित सम्पूर्ण सेवा अनलाइनबाट लिन सकिने बनाइएको जनाउँदै विचौलियाका पछि नलाग्न सम्पूर्णमा आग्रह गरेको छ ।

मन्त्रालयले बुधबार एक विज्ञप्ति जारी गर्दै अनलाइनमार्फत प्राप्त हुने सेवाका लागि भौतिक रुपमा कार्यालयमा उपस्थित भई भीडभाड गर्ने र अनावश्यक समस्या सिर्जना गर्ने काममा संलग्न नहुन तथा सेवा प्रवाहका क्रममा विचौलिया वा अन्य कुनै व्यक्तिको प्रभावमा नपर्न आग्रह गरेको हो ।

मन्त्रालयका सहप्रवक्ता डा थानेश्वर भुसालले सेवा प्रवाह हुने निकायबाट अनलाइन माध्यमबाट नै सबै प्रकारका सेवा आ-आफ्नो स्थानबाट प्राप्त गर्न सबै सेवाग्राहीमा अनुरोध गरे । हाल सेवाग्राहीको नाममा विचौलिया कार्यस्थलमा प्रवेश गरी कर्मचारीलाई कार्यसम्पादनमा असर गर्ने, विधि र प्रक्रिया नमिलेका काम गर्न अनेकन दबाब दिने, प्रलोभनमा पार्न प्रयत्न गर्ने र आफ्नो निहित स्वार्थ पूरा नहुँदा कार्यालयको काम कारबाहीप्रति नकारात्मक टिप्पणी गर्ने प्रवृत्ति बढेको मन्त्रालयले जनाएको छ ।

वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार कार्यालयबाट प्रवाह गरिने सबै सेवा अनलाइन प्रणालीमा आबद्ध

– बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगारमा जाने बढे, रेमिट्यान्समा पनि वृद्धि

**काठमाडौं/मस–** चालु आर्थिक वर्षको तीन महिनामा वैदेशिक रोजगारीमा जाने नेपाली कामदारको संख्यामा अघिल्लो वर्षको तुलनामा १२३ प्रतिशतभन्दा बढीले वृद्धि भएको छ । नेपाल राष्ट्र बैंकको तथ्यांक अनुसार असोज मसान्तसम्म वैदेशिक रोजगारीका लागि संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरणमार्फत अन्तिम श्रम स्वीकृतिलिने नेपालीको संख्या १२३.१ प्रतिशतले बढेको छ ।

यस अवधिमा १ लाख ४७ हजार ९ सय ३२ जना नेपाली युवायुवती वैदेशिक रोजगारीमा गएका छन् ।

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगारमा जान चाहनेहरुको लागि
तालिम खुल्यो
कुक, वेटर, क्लिनर, हाउसमेड, केयर गिभर र सेक्युरिटी गार्ड
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था
माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४९८७४०५

Urgently Required
A well established foreign employment company is looking for the following staff.
Executive Secretary (Female) | 1 Nos.
Requirements:
- Bachelor's Degree.
- Fluent in English (Speaking, Reading & Writing).
- Competent in IT and must be able to operate MS office.
- Preference will be given to candidate with experience in similar fields.

Salary is Negotiable
*Interested candidates may apply their application with a covering letter, up-to-date CV and recent photograph to the following email address within 7 days.*
Kuleshwor, Kathmandu, Tel. : 01-5372082
5372080, 5301359, Email :awsnepal@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com
१ मंसिर २०७९, बिहीबार
17 November 2022, Thursday

# उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको एघार बुँदे निर्देशन

**काठमाडौं / मस–** निर्वाचन आयोगको उच्चस्तरीय निर्वाचन सुरक्षा समितिले सरकार, गृह मन्त्रालयमार्फत सम्बद्ध निकायलाई निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहितरूपमा सम्पन्न गर्न गराउन विभिन्न निर्देशन दिएको छ । बुधबार बसेको समितिको बैठकले निर्वाचन बिथोल्ने वा बहिष्कार गर्ने, बुथ कब्जा गर्ने, मतदातालाई मतदानको अवसरबाट वञ्चित गर्ने, डर, धाक, धम्की दिनेलगायतका काम गरी निर्वाचनको स्वच्छतामा असर पुर्‍याउने कुनै पनि गतिविधि नगर्न नगराउन उपयुक्त सुरक्षा रणनीति अवलम्बन गर्ने निर्णय गरेको छ । निर्वाचनमा आचारसंहिता उल्लङ्घनका गतिविधि, निर्वाचन प्रचारप्रसार निषेध अवधिमा हुनसक्ने अवाञ्छित गतिविधि, हातहतियार निषेधजस्ता कार्यको निगरानी गरी पूर्णरूपमा नियन्त्रणका लागि सम्बद्ध सबै पक्ष सक्रियरूपमा परिचालित हुन बैठकले निर्देशन दिएको छ ।




आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले निर्वाचनको मितिभन्दा ४८ घण्टा अगाडिदेखि निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्म मादक पदार्थ बिक्रीवितरण तथा सेवनमा प्रतिबन्ध लगाउने बताए । मतदानको दिनको ४८ घण्टा अगाडिदेखि प्रचारप्रसार गर्न निषेध गरिएकाले उक्त अवधिमा सुरक्षा निकायले निगरानी बढाइ प्रचारप्रसारलगायतका निर्वाचन कानून प्रतिकूल हुने कुनै पनि प्रकारका अवाञ्छित गविविधि पूर्णरूपमा नियन्त्रण गर्ने, आयोगबाट जारी गरिएको मतदानको दिनको सवारी आवागमन व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७९ को पूर्ण पालना गरी, गराई मतदानका दिन सवारीको व्यवस्थित आवागमनको प्रबन्ध गर्ने, सुरक्षाका लागि प्रत्येक मतदान केन्द्रमा ३० मिनेटभित्र पुग्नसक्ने गरी पर्याप्त रिजर्भ फोर्सको व्यवस्था मिलाउने, निर्वाचन सुरक्षा जोखिमका आधारमा आवश्यकताअनुसार सुरक्षा गस्ती परिचालन गर्नेगरी निर्देशन दिइएको उनले जानकारी दिए ।

सो समितिमा गृह र रक्षा मन्त्रालयका सचिवसहित चारवटै सुरक्षा अङ्गका प्रमुख सहभागी छन् । निर्वाचनलाई शान्तिपूर्णरूपमा निर्वाचनलाई शान्तिपूर्णरूपमा सम्पन्न गर्न क्षेत्रगत संवेदनशीलता समेतलाई ध्यान दिई गरी प्रयाप्तमात्रामा अधिकार सम्पन्न घुम्ती टोली परिचालन गर्ने व्यवस्था मिलाउन, उक्त घुम्ती टोलीले निर्वाचन आचारसंहिता, २०७९ तथा निर्वाचन (कसुर तथा सजाय), ऐन, २०७३ बमोजिम निषेध गरेका विषयमा सघन अनुगमन र कारबाही गर्ने र स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम प्रमुख जिल्ला अधिकारीबाट प्रत्यायोजित अधिकारसमेत प्रयोग गर्न, यसरी घुम्ती टोली परिचालन गर्दा महानगरपालिका, उपमहानगरपालिका, जिल्ला सदरमुकाम रहेका पालिका र काठमाडौं उपत्यकाबाहेकका अतिसंवेदनशील र संवेदनशील निर्वाचन क्षेत्रमा आवश्यकता हेरी परिचालन गर्न निर्देशन दिइएको छ ।

# विधि र प्रक्रिया नमिचियोस्ः प्रमुख शाह

**काठमाडौं / मस–** काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाह (बालेन) ले कामको नतिजा छिटो प्राप्त गर्न सकियोस् र यसो गर्दा विधि तथा प्रक्रिया नमिचियोस् भन्ने जनप्रतिनिधिको चाहना रहेको बताएका छन् । राष्ट्रिय सभा गृहमा बसेको कानुनी सल्लाहकारहरुसँगको बैठकमा उनले यस्तो बताएका हुन् ।



'स्थानीय शासन सञ्चालन र व्यवस्थापनका लागि राष्ट्रिय, अन्तरराष्ट्रिय कानुन, सिकाइ र अभ्यास छन् । प्राकृतिक कानुन र सामाजिक मूल्य मान्यता छन्' प्रमुख शाहले भने, 'कानुनमा भएका कुरा व्यवहारमा नहुँदा तथा व्यवहारमा अभ्यास गरिएका विषय कानुनमा नहुँदा विवाद सिर्जना हुन सक्छ । कानुन एउटा पक्ष हो भने इञ्जिनियरिङ् अर्को पाटो हो । यस्ता विषयविच समन्वय नहुँदा समस्या सिर्जना हुन्छ । यस अवस्थामा शासनको सर्वोच्चता नागरिकमा छ भन्ने कुरालाई मनन गरेर काम गर्नुपर्छ ।'

बैठकमा उपप्रमुख सुनिता डंगोलले, विषयको पूर्वानुमान गरेर सम्भावित विवादलाई फेदमै समाधान गर्नुपर्ने बताइन् । 'महानगरले विवादमा समस्या भएर मात्र होइन अन्य सामान्य अवस्थामा पनि कानुनी सल्लाहकारबाट राय, सल्लाह सुझाव लिनुपर्छ । यसले न्याय प्रशासनमा टेवा पुर्‍याउँछ ।' कर्मचारीहरुलाई कानुनी प्रक्रियाका विषयमा ज्ञान भएन भने पनि विधि व्यवस्थापनमा समस्या हुन्छ । बैठकमा प्रमुख प्रशासकीय अधिकृत बसन्त अधिकारीले भने, 'कर्मचारीतन्त्रमा सरुवा भएर जाँदा बरबुझारथ गर्ने पद्धति घट्दै गएपछि मिसिल र अभिलेखसँग सम्बन्धित समस्या बढ्दै गएको छ ।

श्रम स्वीकृति लिने नेपालीको संख्या अघिल्लो वर्षको तुलनामा ६६.२ प्रतिशतले बढेको उल्लेख छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या २१९.७ प्रतिशतले बढेको थियो ।

वैदेशिक रोजगारमा जाने कामदारको संख्यामा भएको वृद्धिसँगै विप्रेषण (रेमिट्यान्स) आप्रवाह १६.८ प्रतिशतले बढेर २ खर्ब ८१ अर्ब ५ करोड रुपैयाँ पुगेको छ । बैंकका अनुसार अघिल्लो वर्षको यसै अवधिमा रेमिट्यान्स ७.१ प्रतिशतले घटेको थियो ।

ठूलो संख्यामा नेपाली कामदार रहेको मलेसियामा गत जनवरीदेखि कामदारको न्यूनतम तलब २५ प्रतिशतले बढेको थियो । मलेसियामा कामदारको तलब वृद्धि र कोरोनापछि ठूलै संख्यामा नेपाली कामदार रोजगारीमा गएकोले रेमिट्यान्समा उल्लेख्य मात्रामा वृद्धि भएको बताइएको छ ।

# बैतडीमा निर्वाचन सामग्री ढुवानी शुरु

**बैतडी / मस–**मंसिर ४ गते हुने प्रदेश र प्रतिनिधिसभा निर्वाचनका लागि आवश्यक पर्ने मतपत्रसहित निर्वाचन सामग्री ढुवानी शुरु भएको छ । बैतडीका जिल्ला निर्वाचन अधिकारी माधवप्रसाद फुँयालका अनुसार निर्वाचनमा आवश्यक पर्ने सामग्री ढुवानीको काम शुरु भएको हो । निर्वाचनमा जिल्लाभर खटिने मतदान अधिकृत र सहायक मतदान अधिकृत गरी चार सय ३६ जनालाई तालिम दिइएको, त्यसपछि निर्वाचन सामग्री हस्तान्तरण गरी उनीहरूलाई सम्बन्धित मतदान केन्द्रमा खटाइएको छ । जिल्लाका दुई सय १० मतदान केन्द्रमा खटिने चार सय २२ मतदान अधिकृत र सहायक मतदान अधिकृतसहित जगेडा राखिने थप १४ गरी चार सय ३६ जनालाई तालिम दिइएको थियो । मतदानको दिन र मतदान हुनुभन्दा पहिला खटाइसके अवधिमा गर्नुपर्ने कामका बारेमा तालिममा सिकाइएको छ ।

## सकिँदै...

प्रसार गरेका छन् । तर त्यो आफूले मतदाता रिझाउन ल्याएको घोषणापत्रको प्रचार कार्य पनि आज मध्यरातबाट सकिदैछ । यो अवधिमा दलहरुले आर्थिक बृद्धि दोहोरो अंकमा लैजाने, भौतिक पूर्वाधार विकासमा नयाँ कीर्तिमान कायम गर्ने, सामाजिक सुरक्षातर्फ विशेष प्याकेज ल्याउने, सुशासन कायम गर्न कुनै कसर बाँकी नराख्ने जस्ता प्रतिबद्धता गरेका छन् ।

ठूला दलहरुले लगभग यसअघिकै जस्तो भाषा र शैलीमा घोषणापत्र ल्याएका थिए । तिनै घोषणापत्रमा उल्लेखित प्रतिबद्धता मतदातालाई सुनाएका छन् । भोलिबाट भने उम्मेद्वार हरुले आफ्नो प्रतिबद्धता सुनाउन पाउनेछैनन्, यदि त्यसो गरेमा निर्वाचन आचारसंहिता बिपरीत हुनेछ । त्यसैले अब उम्मेद्वार हरुले मतदातासम्म आफ्नो कुरा सुनाउने समय सकिदैछ । भोलिबाट मतदाताले मतदानको तयारी गर्नुपर्नेछ ।

## नागरिकता...

समस्या समाधान हुनेगरी राष्ट्रिय हित अनुकूल कानुन बनाउनु पर्ने दायित्व राज्यको हुन आउँछ ।'

'राष्ट्रिय एकता र स्वतन्त्रताको लागि नागरिकता जस्तो विषयमा संविधानले राखेका प्रावधान र कानुनी शर्त पूरा गरी विधेयक पारित गरी प्रामाणीकरणको लागि राष्ट्रपति समक्ष पेश गर्नु तत् तत् निकायको कर्तव्य र दायित्व हो' लिखित जवाफमा भनिएको छ, 'संविधानको धारा १० (२) र धारा १५ को अनिवार्य शर्त पालना गर्नेतर्फ सम्मानित संसदको ध्यान पुग्न नसकेकोले राष्ट्रपति संस्थाबाट विधेयक प्रमाणीकरण हुन आवश्यक नठानिएको हो ।'

संविधानको धारा १० मा प्रादेशिक पहिचानसहितको नागरिकताको प्रमाणपत्र जारी हुने व्यवस्था छ भने धारा १५ मा प्रत्येक नागरिकको परिचय खुल्ने गरी अभिलेख राख्नुपर्ने व्यवस्था छ ।

नागरिकता विधेयक प्रमाणीकरण नगरेको विषयमा परेको रिटमाथि सर्वोच्च अदालतले सुनुवाइ गर्नु राष्ट्रपति संस्थाकै अपमान भएको आरोप राष्ट्रपति विद्यादेवी भण्डारीको छ । राष्ट्रपति कार्यालयले अगाडि भनेको छ, ' कानुनले स्पष्ट तोकेको विषयमा रिट निवेदन प्रस्तुत हुनु कानुनसम्मत नदेखिएको हुँदा कानुनतः प्रस्तुत रिट निवेदन दायर गर्ने निवेदकको क्षेत्राधिकार नपुग्ने स्पष्ट कानुनी व्यवस्थालाई नजरअन्दाज गरी अदालतमा प्रवेश गर्नु स्वयं कानुनको उल्लंघन हो ।'

नागरिता विधेयक प्रमाणीकरण नगरिनुलाई राष्ट्रपतिको कार्यालयले विशेषाधिकारको प्रयोग भनेको छ ।

भारत लगायत संवैधानिक राष्ट्रपतिको व्यवस्था भएका मुलुकहरुमा समेत राष्ट्रपति समक्ष पेश गरिएका विधेयक प्रमाणीकरण नगरी अनिश्चितकालसम्म स्थगनमा राख्न सकिने परम्परा रहेको भन्दै राष्ट्रपति कार्यालयले नेपालमा पनि अपवादको रुपमा त्यसको प्रयोग भएको भनेको छ ।

विशेषाधिकारको प्रयोग भन्दै गर्दा राष्ट्रपतिले आफ्नो भूमिकाको खोजी समेत गरेकी छन् । राष्ट्रपति कार्यालयको दावीमा संविधान, सर्वोच्च अदालतका नजीर, विश्वव्यापी मान्यता र परम्पराका आधारमा नागरिकता विधेयक प्रमाणीकरण नगरी यथास्थितिमा राख्ने काम भएको हो । यथास्थितिमा राखिएका विषयमाथि मुद्दा मामिला गर्न नहुने राष्ट्रपति कार्यालयको दावी हो । राष्ट्रपति कार्यालयले यसअघि समेत सरकारले गर्ने महत्वपूर्ण निर्णय, संसदमा पेश गर्ने विधेयक लगायतका काम कारवाहीवारे पूर्वजानकारी नदिएको भन्दै पत्रमार्फत नै असन्तुष्टि जनाएको थियो ।

राष्ट्रपति कार्यालयले संघीय संसदबाट प्रमाणीकरणका लागि पेश भएको नागरिकता विधेयक मुलुकको हितमा नभएको र संघीय संसदबाट पारित गर्ने क्रममा संविधान र कानूनको उल्लंघन भएकाले त्यसलाई यथास्थितिमा राखिएको दावी गर्दै आफ्नो राष्ट्रपतिले आफूले गरेको आग्रह संसदले अस्वीकार गरेको भनी असन्तुष्टी जनाएकी हुन् ।

संघीय संसदले पारित गरी पहिलोपटक पेश गरेको विधेयक राष्ट्रपति कार्यालयले १५ बुँदे सन्देशसहित फिर्ता पठाएको थियो । संसदको दुवै सदनमा ती विषयमा छलफल नभएकोमा राष्ट्रपतिको चित्त दुखाइ थियो । उनले कतिपय सरकारी अधिकारीहरु र अन्य व्यक्तिसँग भेटघाटकै क्रममा आफ्नो र संस्थाको पदीय मर्यादा कायम नगरिएकोमा गुनासो गरेकी थिइन् । राष्ट्रपति कार्यालयले पठाएको लिखित जवाफमा समेत त्यसको झल्को छ ।

'राष्ट्रपतिबाट सन्देशसहित फिर्ता गरिएको नागरिकता विधेयक पुनः प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पेश हुँदा उल्लिखित दफाहरूमा भएको व्यवस्थालाई पालना नगरी विधि र प्रक्रिया मिचिएको हुँदा नागरिकतासम्बन्धी विधेयक प्रमाणीकरण नगरिएको हो' लिखित जवाफमा भनिएको छ, ' विधि र प्रक्रिया पूरा नगरी आएको विधेयकका सम्बन्धमा प्रमाणीकरण गरिएन भनी राष्ट्रपति संस्थालाई लगाइएको आरोप निराधार, कपोलकल्पित र दूराशययुक्त छ । नियम प्रक्रिया विपरीत प्राप्त विधेयकको अप्रमाणीकरणका सन्दर्भमा संविधानको व्यवस्था लागु हुन सक्दैन ।'

पहिलो पटक सन्देशसहित संघीय संसदमा पेश भएको विधेयक जस्ताको तस्तै पारित भएको विषयलाई राष्ट्रपति कार्यालयले अहंको विषय बनाएको देखिन्छ । संविधानको पालक र संरक्षकको रुपमा सन्देशसहित विधेयक फिर्ता गरेकोमा नयाँ कानून तर्जुमा हुनुपर्ने राष्ट्रपति कार्यालयको चाहना देखिन्छ । लिखित जवाफमा भनिएको छ, "सन्देशले संघीय स्वरूपको नयाँ नागरिकता ऐन तर्जुमा गरी भविष्यमा पनि नागरिकतासम्बन्धी संवेदनशील विषयमा फरक फरक दृष्टिकोण नहोस् भन्ने उद्देश्य राखेको देखिन्छ ।'

## वैदेशिक...

गरिएको उनले जानकारी दिए । सरकारले यी निकायबाट सेवा प्राप्त गर्न स्वदेश तथा विदेशमा रहेका सेवाग्राही विभाग वा कार्यालयमा भौतिक रुपमा उपस्थित हुन नपर्ने गरी व्यवस्था मिलाएको छ । कानूनबमोजिम लाग्ने दस्तुर अनलाइन प्रणालीबाटै भुक्तानी गर्ने व्यवस्था गरिएको छ ।

वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार कार्यालयबाट हुने सेवा प्रवाहको मन्त्रालयस्तरबाट निरन्तर प्रणालीमार्फत तथा स्थलगतरुपमा अनुगमन भइरहेको सहप्रवक्ता भुसालले बताए । मन्त्रालयको उच्च व्यवस्थापन समूहको बैठकमा विभागीय प्रमुखसमेतको उपस्थितिमा सेवा प्रवाह र गुनासो सम्बोधन सम्बन्धमा सघनरुपमा छलफल गरी सोको निराकरण गर्ने व्यवस्था गरिएको उनको भनाइ छ ।

## वैदेशिक...

नेपाली कामदार वैदेशिक रोजगारीमा जानेको संख्यामा वृद्धि भएपनि गन्तव्य भने परम्परागत रूपमा रहेका खाडी क्षेत्रका ६ मुलुक र मलेसिया नै रहेका छन् ।

राष्ट्र बैंकको तथ्यांकमा वैदेशिक रोजगारीका लागि पुनः


**Shivapuri Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Sherabagar, Nuwakot**
**Bagamati Province, Nepal**

**Invitation for Bids for the Procurement of Medicine and Surgical Items**

**(Date of first publication: 2079/08/01 B.S.)**

1. Shivapuri Rural Municipality, Office Of the Rural Municipal Executive, Sherabagar Nuwakot invites sealed bids from eligible bidders for the procurements of goods as per table below under Sealed Quotation(SQ) procedures. Only eligible bidders should participate in this bidding.

| S. N. | Contract Identification Number | Description of work | Last Date of bid Submission | Bid Opening Date | Bid security (NRs) | Bid Validity Period | Bid document price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SRM/SQ/ GOODS/ 079-080/01 | Procurement of Medicine and Surgical Items | before 12:00 AM on 2nd Dce.2022 (2079/08/16) | 13:00 PM of 2nd Dce.2022 (2079/08/16) | 53,000.00 | 75 days | 1000.00 | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Of Rural Municipal Executive, Shivapuri Rural Municipality, Nuwakot or may visit PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**



**कर्णाली प्रदेश सरकार**
**भौतिक पुर्वाधार तथा शहरी विकास मन्त्रालय**
**पुर्वाधार विकास निर्देशनालय**
**पुर्वाधार विकास कार्यालय**
**सिमिकोट हुम्ला**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति :- २०७९/०८/०१**

यस कार्यालयबाट मिति २०७९ जेठ ३१ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आब्हान सम्बन्धि सूचना अनुसार तोकिएको म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये निम्न सडक योजनाहरुको ठेक्का न. अनुसारका बोलपत्रहरु सारभुतरुपमा प्रभावग्राही भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.न. | ठेक्का न. | सडकको नाम | कबोल अंक (पि. एस. र मु. अ. कर समेत) | बोलपत्रदाताहरुको नाम र ठेगाना |
|---|---|---|---|---|
| 1 | IDO/HUMLA/W/ NCB/23/2078-079 | Construction of Bajura-Kawadi-Tanjakot-Adanchuli-Sarkegad Road ( Khaula-Shreenagar Section), Tanjakot-05, Humla | 26,029,592.80 | M/S Nishan-Sisne JV , Baneshwor-10, Kathmandu |
| 2 | IDO/HUMLA/W/ NCB/24/2078-079 | Construction of Manepeme- Limijanga- Tibet Road , Namkha - 06, Humla | 28,810,221.74 | M/S Dawa Nirman Sewa, Jorpati Kathmandu |
| 3 | IDO/HUMLA/W/ NCB/25/2078-079 | Cosntruction of Mimi-Shreemasta-Masidhara-Melchham Road, Chankheli-06, Humla | 33,034,735.13 | M/S Rara Tenjin-United Shine -Dhoom JV , Dullu 05, Dailekh |
| 4 | IDO/HUMLA/W/ NCB/26/2078-079 | Construction of Piplang-Hypse-Fucha-Pankha Road , Chankheli-06, Humla | 32,625,868.92 | M/S Rara Tenjin-United Shine -Dhoom JV , Dullu 05, Dailekh |
| 5 | IDO/HUMLA/W/ NCB/27/2078-079 | Construction of Sarkegad-Jaira-Tumcha Road, Sarkegad, Humla | 42,727,986.34 | M/S Society Nepal-Dawa JV, Jorpati Kathmandu |

**कार्यालय प्रमुख**

# निर्वाचनका दिन सवारीसाधन सञ्चालनमा रोक



**काठमाडौं/मस-** काठमाडौं उपत्यकका प्रमुख जिल्ला अधिकारीहरुको संयुक्त बैठक प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका दिन ४ मंसिर बिहान ४ बजेदेखि सवारीसाधन सञ्चालनमा रोक लगाउने निर्णय गरेको छ।

जिल्ला प्रशासन कार्यालय काठमाडौंको कार्यालयमा बुधबार बसेको काठमाडौं, ललितपुर र भक्तपुरका प्रमुख जिल्ला अधिकारीहरुको संयुक्त बैठकले ४ मंसिर आइतबार बिहान ७ बजेदेखि साँझ ७ बजेसम्म सवारीसाधन सञ्चालनमा रोक लगाउने निर्णय गरेको हो।

यद्यपि, निर्वाचन आयोगबाट सवारीसाधन सञ्चालनसम्बन्धी जारी मापदण्डअनुसारका अनुमति प्राप्त सवारीसाधनलाई भने सञ्चालनमा नरोक्ने बैठकले निर्णय गरेको छ। निर्वाचन लक्षित सुरक्षा व्यवस्थाबारे छलफल गर्न बसेको उक्त बैठकले मदिरा बिक्री वितरणमा पनि रोक लगाउने निर्णय गरेको छ। निर्णयअनुसार १ मंसिर बिहीबारदेखि मतदानको दिन ४ मंसिर मध्यराति १२ बजेसम्म काठमाडौं उपत्यकामा मदिरा बिक्री वितरण, ओसार पसारमा रोक लगाइएको छ। साथै मतगणना आसपास मतगणना नसकिँदासम्म मदिरा बिक्री वितरण तथा ओसारपसार गर्न पाइने छैन।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

प्रकाशित मितिः २०७९/०८/०१

यस कार्यालयमा मिति २०७४/१०/१५ मा दर्ता भएको **प्रा.लि.नं. १८२५४४** को **फाईभ ब्रदर्श ईन्टरनेशनल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०७/३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**हकदावी सम्बन्धी ३५ दिने सुचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०६/०१ मा दर्ता कायम भएको **सक्सेस डेभलपमेन्ट प्रा.लि. (दर्ता.नं. १७५४६३/०७४/०७५)** लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०७९/०७/२६ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**प्राइम लाइफ**

प्रधान कार्यालयः हात्तीसार, काठमाडौं, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४, पो.ब.नं. २५९७९


**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/न(ासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने ब्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | १७१०००७८१४ | सलोजा पोखरेल | झिम्रुक-७,प्युठान |
| २ | १०१०००३३१४ | चेतनाथ इटनी | चैनपुर-१,धादिङ |
| ३ | १०१००१६७९१ | सन्दीप श्रेष्ठ | शहिद लखन-७,गोरखा |
| ४ | १०१००१२३५७ | सिमा हमाल | काठमाण्डौं,काठमाण्डौं |
| ५ | १०१०००४९४९ | मन्जु रेग्मी | काठमाण्डौं |
| ६ | १०१०००४९५० | मञ्जिल शाह | काठमाण्डौं |
| ७ | १०१०००४९५१ | कमल शाह | काठमाण्डौं |

# गुह्येश्वरी जात्राको तयारी पूरा



**काठमाडौं/मस-** पशुपति क्षेत्रको गुह्येश्वरीमा गरिने गुह्येश्वरी जात्राको सबै तयारी पूरा भएको छ। गुह्येश्वरी जात्राका लागि हनुमानढोकाबाट तलेजु भवानीको मूर्तिलाई ल्याउने जिम्मा पशुपति सिर्जनशील युवा क्लबलाई दिइएको गुठी संस्थान पशुपति गोश्वारा कार्यालयका कार्यालय प्रमुख सुशीला शर्माले बताए।

जात्राका लागि तलेजु भवानीलाई दुई दिनसम्म गुह्येश्वरीमा राखिन्छ। दुई दिने जात्राका लागि भवानीको मूर्ति बिहीबार पशुपति क्षेत्रस्थित गुह्येश्वरी मन्दिरमा लगिने उनले बताए। बिहीबार गुह्येश्वरी मन्दिरमा रातभर बलिसहित तान्त्रिक र गुप्ति पूजा गरिने जनाइएको छ। शुक्रबार बिहान गुह्येश्वरी र तलेजु भवानीको विशेष पूजापछि पशुपति क्षेत्रका विभिन्न स्थानमा गुह्येश्वरीको खट जात्रा गरिन्छ। जात्रा सकी शुक्रबार राति मूर्ति तलेजु मन्दिरमै फर्काइने कार्यक्रम रहेको छ।

गुह्येश्वरी जात्राका क्रममा प्रत्येक वर्ष मार्गशीर्ष कृष्ण नवमीको राति गुह्येश्वरी मन्दिरमा बलिसहित तान्त्रिक र गुप्ति पूजा गर्ने गरिन्छ। नवमीदेखि दुई दिनसम्म पशुपति क्षेत्रमा गुह्येश्वरी जात्रा सञ्चालन गरिन्छ। यो जात्रामा गुठी संस्थान र गुह्येश्वरी मन्दिर व्यवस्थापन समितिको व्यवस्थापनमा समेबजीलगायत तान्त्रिक विधिले पूजा गर्दा चढाइने चीजबीजसहित पूजा आराधना गर्ने परम्परा छ।

गुह्येश्वरी र तलेजुलाई दिदीबहिनीका रुपमा पूजिने भएकाले दुवै मूर्ति उस्तै रहेको छ। गुह्येश्वरीलाई दिदी र तलेजुलाई बहिनीका रुपमा पूजिने गुह्येश्वरी मन्दिरका पुजारी जैन कर्माचार्यले बताउनुभयो। मूर्ति तलेजु भवानीको मन्दिरबाट गुह्येश्वरी लैजाने सबै विधि तान्त्रिक प्रक्रियाबाट नै पूरा गरिन्छ।

गुह्येश्वरी मन्दिर क्षेत्रमा तलेजु भवानीलाई लैजानुअघि नै त्यहाँ ३२ हातको लिंगो पनि बिहीबार नै ठड्याउने कार्यक्रम रहेको गुठी संस्थान पशुपति गोश्वारा कार्यालयका प्रमुख शर्माले बताए। जात्राका लागि लिङ्गो पशुपति क्षेत्रस्थित भण्डारखालबाट सालको रुख काट्ने गरिन्छ। यसका लागि गत वर्ष नै रुख काटिसकिएको जनाइएको छ।

तान्त्रिक विधिपूर्वक पूजा सकेपछि जात्राका लागि ल्याइएको तलेजु भवानीको मूर्ति पशुपति सिर्जनशील युवा क्लबले नै फिर्ता गर्ने जिम्मा दिइएको छ। क्लबले गुह्येश्वरीको खटलाई पशुपति मन्दिर परिक्रमा गराई पशुपतिनाथका मूलभट्टबाट विधिपूर्वक पूजा गराउने परम्परा छ।

पशुपतिनाथ मूल मन्दिरबाट अमालकोट कचहरीको डबलीमा लगेर पूजा गरिन्छ। त्यहाँबाट जयवागेश्वरीको नवालीटोलमा लगेर विधिवत् पूजा आराधना गरिन्छ। पशुपति क्षेत्रका विभिन्न स्थानमा हुने पूजा आराधनामा भक्तजनको उल्लेख्य उपस्थिति रहने गरेको छ।

जात्राका लागि नेपाली सेनाको गुरुजुको पल्टनसमेत सहभागी हुने प्राचीनकालदेखिको परम्परा छ। नेपाली सेना, संस्थान, अमालकोट कचहरीलगायतले विधिपूर्वक छुट्टाछुट्टै पूजा गर्छन्।

**PHAKPHOKTHUM RURAL MUNICIPALITY**
**Office of Rural Municipal Executive**
**Aamchok, Ilam**
**Province No. 1 Nepal**

**Invitation for e-Bids**

**Date of Publication 2079/08/01 (17-11-2022 10:00)**

1. Phakphokthum Rural Municipality invites electronics bids from eligible bidders for the following contract works under National Competitive Bidding Procedures.

| S. N | Contract No. | Description of works | Estimated Amount | Bid Security Amount (NRs.) | Fee for bid documents (NRs.) | Last date for bid submission | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | PRM/ILAM/ GOODS/ SQ/01/079-080 | Supply and Delivery of RCC Hume Pipe | 15,12,075.6 | 40,000 | 1000 | 02-12-2022 12:00 Noon Hrs | 02-12-2022 14:00 PM Hrs | Single Stage Single Envelope |
| 2 | PRM/ILAM/ GOODS/ SQ/079-080 | Supply of Fabricated Steel part of Phungkhola Dovan Trail Bridge | 16,80,501.83 | 45,000 | 1000 | 02-12-2022 12:00 Noon Hrs | 02-12-2022 15:00 PM Hrs | Single Stage Single Envelope |

2. Bidders may download the bidding documents and submit their bids electronically through e-Procurements at www.bolpatra.gov.np /egp PPMO's portals specified in the bid data sheet. Bidders should deposit the equivalent fee for bidding documents in the respective Revenue Account Number ( 068010040000005 – Phakphokthum ga.pa Aantarik Rajswa Khata ) and for the bid security (dharauti ) bidders can deposit in 068010020000011 – ga 3 sthaniya tatha dharauti khata) in Sanima Bank ltd Phakphokthum Ilam . Bids shall be valid for as mention above from the last date of submission of bids.
3. For further details, Please visit our website www.phakphokthummun.gov.np or notice board of Phakphokthum Rural Municipality, office of Rural Municipal Executive.

**Chief Administrative Officer**

**बाल उद्धार माध्यमिक विद्यालय**
**बूढानीलकण्ठ नगरपालिका**
**वडा नं. १०, बागमती प्रदेश**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मिति : २०७९/०८/०१

यस विद्यालयद्वारा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम यस विद्यालयको तपशिल कार्यहरुको मूल्यांकन गर्दा तपसिलको बोलपत्र न्युनतम मूल्यांकित र सारभूतरुपमा प्रभावग्राही भएको हुनाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम बोलपत्र स्वीकृत गर्ने सम्बन्धी यो सूचना सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं. | बोलपत्रदाताको नाम | कबोल अंक मु.अ.क र PS बाहेक |
|---|---|---|---|
| 1. | Construction of Upper Storeys at Bal Uddhar Secondary School, Kapan-10, NCB/BUSS/CW/079_080/01 | E.F.G. Construction Company, Kathmandu Nepal | ८६,४६,१६३।१५ |

**मलेसियामा रोजगार** | कम्पनीः EVER SHINE MAINTENANCE WORKS SDN BHD
शहरः Selangor

पूर्व स्वीकृत मितिः २०७९/०३/०९ चलानी नं.: ६०१८१५३९ L.T. No.: 265441 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | RM | ने. रू. | | | | | | | |
| 1. | Cleaner | 1 | 0 | स. काममा दक्ष | 1500 | ४२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर ८ गते (24 November 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

ADVANCED MANAGEMENT CONSULTANTS
"manpower supply & recruitment consultant"
Govt. License No.: 1470/074 /075
TOP1 (FY 2020-2021) TOP 11 (FY2021-2022) ISO 9001:2015

एडभान्स्ड म्यानेजमेन्ट कन्सल्टेन्स प्रा.लि.
Samakhushi-26, Kathmandu, Nepal ☎01-4964211, 4974211
info@amgroup.com.np www.amgroup.com.np
Talk with AMC Representative 9801080183, 9801029663, 9801044493, 9801080059, 9801044492, 9817002440

**कुवेतमा रोजगारको अवसर** | १. कम्पनीः AL-BAHAR GENERAL SERVICES CO. W.L.L.
शहरः Kuwait

पूर्व स्वीकृत मितिः २०२२/०४/०३ चलानी नं.: ६०१७७१९० LT. No.: 260960 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | KD | ने. रु. | | | | | | | |
| 1. | Cleaner/Helper | 60 | 25 | स. काममा दक्ष | 85 | ३५,७५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता सिभम टेर्निङ सेन्टर, धनुषा, जनकपुरमा २०७९ मंसिर ८ र ९ गते (24 & 25 Nov. 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००।- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Link International
Placement Service Pvt.ltd.
Govt. Lic. No.: 821/066/067 ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

**Tarakeshwor Rural Municipality**
**Office of The Rural Municipal Executive**
**Dansing, Nuwakot**
**Bagmati Province, Nepal**

**Invitation for Electronic Bids for the Procurement of Medicine for Tarakeshwor RM for FY 2079/80**

**Contract Identification Number: TRM/NCB/G/02/2079-80**
**Date of Publication 17 November 2022**

1) The Tarakeshwor Rural Municipality Dansing, Nuwakot invites electronic bids from eligible bidders for the Procurement of Medicine for Tarakeshwor RM for FY 2079/80 under National Competitive Bidding Procedures specified in Public Procurement Act and Regulations.
2) Eligible bidders may obtain further information and inspect the bidding documents at the office of Tarakeshwor Rural Municipality Dansing, Nuwakot or may visit e-GP system: www.bolpatra.gov.np/egp.
3) Interested bidders shall have to submit their bid electonically through www.bolpatra.gov.np/egp system only. Hard copy will be provided or accepted in the office.
4) Bids must be submitted on or before 12:00 noon, 18 December, 2022. Bids received after the deadline will be rejected.
5) Bids shall be opened in the presence or in the absence of Bidders' representatives choosen by Bidders to attend at 13:00 hour and 18 December 2022 at the office of Tarakeshwor RM.
6) Bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security, amounting as specified for each item in the following table, which shall be valid for minimum 30 days beyond the bid validity period.
7) If bidder wishes to submit the Bid Security Amount in form of cash, the cash should be deposited in Deposit Office Acccount No: 05807594280074 (Dhrauti Khata) at Himalayan Bank Dansing Branch and submit the receipt of the deposited amount of cash along with the bid document and Office Account No: 05807594280098 ( For Bid document cost).
8) If the last date of purchasing, submission and falls on a government holiday then the next working day shall be considered as the last day. In such a case the bid validity and bid security validity shall be recognied with effect from the original bid submission deadline.
9) Tarakeshwor RM reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
10) Any provisions which are not mentioned in this notice will be consistent with PPA 2063, PPR 2064 and prevailing Nepalese Laws.

**Table:-**

| S.No | Contract ID. | Contract Name | Bid Security Amount | Bid Document Cost |
|---|---|---|---|---|
| 1. | TRM/NCB/G/02/2079-80 | Procurement of Medicine for Tarakeshwor RM for FY 2079/80 | 80,00,000/- | 3,000.00/- |

मध्यान्ह
www.madhyanhadaily.com
१ मंसिर २०७९, बिहीबार
17 November 2022, Thursday

## सम्पादकीय

### बिक्रीको वस्तु होइन मत

निर्वाचन आयोगले दिएको प्रचारप्रसारको समय आज मध्यरातबाट सकिदैछ । गएको कात्तिक १७ गतेदेखि शुरू भएको प्रचारप्रसारको समय सकिएसँगै अपनाउनुपर्ने सावधानीबारे आयोगले जानकारी दिइसकेको छ । आयोगले यो मौन अवधिमा सामाजिक सञ्जाल, अनलाइन, छापा माध्यम सहित अरू कुनैपनि माध्यमबाट उम्मेद्वारको पक्ष वा विपक्षमा सूचना प्रवाह गर्न रोक लगाएको छ । यदि मौन अवधिमा निर्वाचन आचारसंहिता बिपरीत गतिविधि गरेमा कार्बाही गर्ने चेतावनी आयोगले दिएको छ । उम्मेद्वारहरूलाई प्रचारप्रसार अन्त्य गर्न मात्रै नभएर अरू दायित्व पनि आयोगले दिएको छ । त्यो भनेको मतदानस्थलको वरपर राखिएका उम्मेद्वारका प्रचार सामग्री हटाउनुपर्नेछ । उम्मेद्वार र दलका कार्यकर्ताले यो अवधिमा प्रचारप्रसार गरेमा सम्बन्धित उम्मेदवारलाई त्यसको असर पर्नेछ ।

यो मौन अवधि सकिएपछि भने ४ मंसिरका दिन मतदान हुनेछ । तसर्थ आजबाट उम्मेद्वारहरूको दायित्व पूरा भएको छ । उनीहरूले निर्वाचन आचारसंहिता पालना गर्दै जनादेशको पर्खाइमा बस्नुपर्नेछ । धेरै मत ल्याउनेले आगामी पाँच वर्षका लागि जनप्रतिनिधि भएर काम गर्नुपर्नेछ । प्रतिनिधिसभाका सांसदले संघीय सरकार र प्रदेशसभा सदस्यहरूले प्रदेश सरकार गठन गर्नु पहिलो दायित्व हुनेछ । त्यसबाहेक कानून निर्माण, बजेट अनुमोदन र सरकार सञ्चालनका लागि आवश्यक नीतिगत निर्णयमा तल्लीन हुनेछन् । सँगै, उम्मेद्वार हुँदा जनतासँग कबोल गरेको बाचा पूरा गर्नेतिर जनप्रतिनिधिले ध्यान दिनुपर्नेछ । तर मतदाताले गम्भीर भएर सोच्ने समय शुरू हुँदैछ । प्रचारप्रसारका समयमा उम्मेद्वारहरूले गरेको प्रतिबद्धतालाई गहिरो अध्ययन गरेर मतदानका निम्ति तयार हुनु आम मतदाताको बाँकी दायित्व हो ।

उम्मेद्वारहरू मध्ये एक जना चयन गर्नु त्यति सजिलो काम होइन । किनकि एकपटक मत दिइसकेपछि त्यसलाई सच्याउन अर्को मतदान कुर्नुपर्नेछ । एउटा गल्तीले पाँच वर्षसम्म मात्रै नभएर मुलुकको अभिछिन्न राजनीतिक–आर्थिक निरन्तरतामा असर गर्नेछ । पक्कै पनि प्रचारप्रसारका अवधिमा उम्मेद्वारहरूले अनेक प्रलोभन देखाएका छन् । कतिपयको आशंकाजस्तै भोजभतेर वा अरू कुनै आचारसंहिता बिपरीतका कार्य उम्मेद्वारबाट भएको पनि हुन सक्ला । तर मत भनेको पाँच वर्षका लागि अर्को कुनै व्यक्ति विशेषलाई आफ्नो राजनीतिक अधिकार सम्पनु हो । कस्तो सरकार बनाउने ? कस्तो आर्थिक नीति अपनाउने ? सेवा प्रवाहबारे कुन प्रणाली अपनाउने ? जस्ता निर्णय मतसँगै मतदाताबाट अलग हुनेछ । तसर्थ मतको गरिमा बुझ्न जरूरी छ । मतदान कुनै चिन्हमा खसाइने छाप मात्रै नभएर अख्तियारीपत्रको हस्तान्तरण पनि हो । त्यसैले मतदानको दिनसम्म अब मतदाताले गम्भीर भएर सोच्ने समय खर्चनुपर्नेछ ।

# आर्थिक संकटमा उदासीन नेतृत्व

*मुख्य तीन पार्टी बाहेक अन्य दलहरूले ल्याएका घोषणापत्रमा पनि देशको अर्थतन्त्रबारे चिन्ता गरिएको पाइन्न । देखावटी केही कुरा गरिएको भएपनि ति तथ्यपरक छैनन् । दलहरूले आर्थिक संकटलाई निकास दिने कुनै उपाय खोजेका छैनन् । यो देश र जनताको लागि निकै दुर्भाग्यपूर्ण छ ।*

अग्रलेख



● नारायण गाउँले

**पृष्ठभूमि**

आर्थिकरूपमा संकट बढ्दै जाँदा कतिपयले नेपाल 'टाट' पल्टिँदै गरेको भनेर पनि टिप्पणी गरेका छन् । श्रीलंकासँग जोडेर पनि नेपालको अवस्थालाई चित्रित गरेका छन् । चुनावी सभाहरुमा पनि आर्थिक संकटलाई देखाएर एकले अर्काको उछितो काढ्ने गरिएको छ । दलहरुले समाधान होइन समस्यालाई देखाएर एक अर्काप्रति उछितो काढिरहँदा जनतामा भने निकै नैरास्यता उब्जिएको छ । यहाँ कसरी मुलुक टाट पल्टन्छ ? नेपालजस्ता मुलुकमा हुने आर्थिक संकट के हो ? जस्ता विषयमा छलफल गर्ने प्रयास गरिएको छ ।

सजिलो भाषामा देश टाट पल्टिने भनेको देशसँग वैदेशिक मुद्रा सकिनु भनेको हो । तपाईं हामी जति नै धनी भए पनि जब देशसँग वैदेशिक मुद्रा सञ्चिति हुँदैन, उसले औषधिदेखि पेट्रोलसम्मका अत्यावश्यक वस्तु आयात गर्न सक्दैन । प्रायःजसो देशले विदेशी ऋण लिएका हुन्छन् । राजश्वले मात्रै ठूला ठूला विकास र पूर्वाधारका प्रोजेक्ट नधान्ने हुनाले प्रायः उत्पादनमूलक क्षेत्रमा यस्तो ऋण लिइन्छ । दुर्भाग्य भन्नुपर्छ, नेपालले भने राजश्वले चालू खर्च अर्थात् तलबभत्ता समेत नधान्ने हुनाले जथाभावी ऋण लिँदै आएको छ । नियमितरूपमा त्यसको ब्याज र किस्ता चुक्ता गर्नुपर्ने हुन्छ । त्यस्तो किस्ता 'मिस' हुनेबित्तिकै देश टाट पल्टिएको ठानिन्छ ।

हामीले दुई/चार सय रुपियाँ उठाएर सरकारलाई दिन सकिन्छ, तर त्यो नेपाली पैसाले ऋण तिर्न या वस्तु आयात गर्न सकिन्न । ठेट भाषामा जनताले उठाएर एउटा रंगशाला या पुल बनाउन त सकिन्छ, तर देशलाई टाट पल्टिनबाट जोगाउन सकिन्न । देश टाट पल्टिने अवस्थामा हामीले उठाएको पैसाले रंगशाला पनि बन्दैन । किनकि डोजर, डिजेल, सिमेन्ट र प्रविधि किन्न त फेरि पनि डलर नै चाहियो । आयातदेखि ऋण र ब्याजमात्र होइन, विद्यार्थी पढ्न पठाउन होस् या नेताहरू भ्रमणमा जान होस्, दूतावासहरू चलाउन होस् या युएनको सदस्यता शुल्क तिर्न होस्, हामीलाई वैदेशिक मुद्रा चाहिन्छ ।

नेपाल राष्ट्र बैंकको पछिल्लो तथ्याङ्कलाई हेर्दा अवस्था सन्तोषजनक देखिन्न । नेपालसँग १० अर्ब डलर हाराहारीभन्दा सञ्चिति छ । यसले फेसभ्यालुमा आठ महिनाको आयात धान्ने देखिए पनि अहिलेको बढ्दो आयात र अन्तर्राष्ट्रिय मूल्यवृद्धिमा पाँच महिना पनि धान्दैन । एक वर्षको शोधनान्तर घाटा नै दुई अर्ब डलरभन्दा बढी छ । अर्थात् झन्डै १३% ले विदेशी मुद्रा सञ्चिति घट्दै छ । गत आर्थिक वर्षमा मात्रै देशले १७ खर्ब नेपाली रुपियाँ व्यापारघाटा व्यहोरेको छ । यो देशको राष्ट्रिय बजेटभन्दा ठूलो हो । देशको ऋण केही वर्षमैं दोब्बर भएको छ । निर्यात झन्डै दोब्बर भएर एक खर्बबाट दुई खर्ब भएको छ र भाषण गर्न मसला भएको छ तर, आयात र अन्य आँकडा यही स्थितिमा रहे बढीमा पाँच वर्षमा हामी टाट पल्टिने अवस्था आउने रहेछ । स्थिति थप बिग्रिए हामी कुनै पनि बेला टाट पल्टिन सक्छौं ।

यो नितान्तः हाइपोथीसिस या पूर्ण एकेडेमिक रिसर्च होइन, नाङ्गो आँखाले देखिने तथ्य हो । यो एकदम डरलाग्दो अवस्था हो । देशको बजेटमा विकास अर्थात् पूँजीगत खर्चका लागि कत्ति पनि स्रोत छैन । यो सबै आन्तरिक र बाह्य ऋणमा आधारित छ ।

**नेपालले कसरी डलर कमाउँछ त ?**

धेरै देशको वैदेशिक मुद्रा कमाउने मुख्य स्रोत व्यापार हो । तर, हामी किनेर खाने धनी नागरिक भएकाले निर्यातभन्दा आयात धेरै छ । व्यापारबाट हामीले कमाउने होइन कि करिब १७ अर्ब जति डलर वार्षिकरूपमा गुमाइरहेका छौं । यो डरलाग्दो व्यापारघाटा नै देश डुबाउने पहिलो कारण हो । यसमा झन्डै आधा हिस्सा त पेट्रोलियम पदार्थ र कृषिजन्य सामग्रीको रहेछ । पर्यटन, वैदेशिक लगानी, ऋण, अनुदान, केही दूतावासका कमाइ र रेमिट्यान्स जस्ता स्रोतबाट नेपालले डलर जम्मा गर्छ ।

